# नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड
## NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LIMITED
(राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, बनेपा-१०, काभ्रेपलाञ्चोक


प.स.०८१/८२ मिति : २०८१/०८/०३
च.न. १४५२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
यूएनआई शान्तिमार्ग भद्रकाली, काठमाडौं ।

**विषय : एघारौं वार्षिक साधारण सभाको सूचना सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस वित्तीय संस्थाको मिति २०८१/०८/०२ गते आइतवारको दिन बसेको सञ्चालक समितिको १८० औं बैठकबाट संस्थाको एघारौं वार्षिक साधारण सभा मिति २०८१/०८/२४ गते (तदनुसार, ९ डिसेम्बर २०२४) सोमबारको दिन गर्ने निर्णण भएको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै, उक्त एघारौं वार्षिक साधारण सभा हुने बारे मिति २०८१/०८/०३ गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सूचनाको छाँया प्रति यसै पत्रसाथ संलग्न गरि पठाईएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

बोधार्थ

१. श्री नेपाल राष्ट्र बैंक, बैक तथा वित्तीय संस्था नियमन विभाग बालुवाटार, काठमाडौ ।
२. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सूपरिवेक्षण विभाग,बालुवाटार, काठमाडौ ।
३. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर ।
४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिलिमेड, पुललिसडक, काठमाडौ ।
५. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौ ।

भवदीय,

.......................
(तारा प्रसाद ढुंगाना)
कम्पनी सचिव

# नेशनल लघुवित्त वित्तीय संस्था लि.

## NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LTD.

राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत प्राप्त लघुवित्त वित्तीय संस्था

**केन्द्रीय कार्यालय, बनेपा नगरपालिका वडा नं.१०, काभ्रेपलाञ्चोक**

Website : www.nationalmicrofinance.com.np

# एघारौं वार्षिक साधारण सभाको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१ मंसिर ३ गते

यस वित्तीय संस्थाको मिति २०८१/०८/०२ गते आइतबार बसेको सञ्चालक समितिको १८० औं बैठकको निर्णय अनुसार यस संस्थाको एघारौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

**मितिः** २०८१/०८/२४ गते सोमबार, तदनुसार ९ डिसेम्बर, २०२४

**समयः** बिहान ११:०० बजे ।

**स्थानः** अरनिको पार्टी प्यालेस, बनेपा नगरपालिका वडा नं. ५ भिमसेनमार्ग, काभ्रेपलाञ्चोक ।

**छलफलको विषय सूचीः**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तसम्मको वासलात तथा आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. यस वित्तीय संस्थाको आ.व.२०८१/८२ को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षक नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने । (यस अघि नियुक्त लेखापरीक्षक श्री कुवेर एन भट्टराई एण्ड कम्पनी चार्टर्ड एकाउन्टेण्टस् पुनः नियुक्तिको लागि ग्राह्य हुनुहुन्छ) ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु.१,१६,५५,२१,६८५।९९ (अक्षरेपि एक अर्व सोह्र करोड पचपन्न लाख एक्काईस हजार छ सय पचासी पैसा उनान्सय मात्र) को ०.७५ (शुन्य दशमलव सात पाँच) प्रतिशतले हुन आउने रु.८७,४१,४१२।६४ (अक्षरेपि सतासी लाख एकचालीस हजार चार सय बाह्र पैसा चौसठ्ठी मात्र) कर प्रयोजन सहित नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. आ.व.२०८०/८१ को मुनाफाबाट हाल कायम चुक्ता पुंजी रु.१,१६,५५,२१,६८५।९९ (अक्षरेपि एक अर्व सोह्र करोड पचपन्न लाख एक्काईस हजार छ सय पचासी पैसा उनान्सय मात्र) को १४.२५ (चौध दशमलव दुइ पाँच) प्रतिशतले हुन आउने रु.१६,६०,८६,८४०।२५ (अक्षरेपि सोह्र करोड साठी लाख छयासी हजार आठ सय चालीस पैसा पच्चिस मात्र) बराबर अर्थात १००:१४.२५ अनुपातको बोनस शेयर जारी गरी संस्थाको चुक्ता पुँजी रु.१,३३,१६,०८,५२६।२४ (अक्षरेपि एक अर्ब तेत्तीस करोड सोह्र लाख आठ हजार पाँच सय छब्बीस पैसा चौबिस मात्र) पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने ।

२. संस्थाको संस्थापक र सर्वसाधारणको शेयर पुंजी अनुपात क्रमश ७० प्रतिशत र ३० प्रतिशत कायम गर्ने प्रयोजनार्थ यस अघि दशौं बार्षिक साधारण सभाबाट भएको निर्णयानुसार सर्वसाधारण तर्फको थप सार्वजनिक निष्काशन (FPO) को लागि नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको लागि प्रकृया अगाडि बढाइएकोमा हाल सो FPO स्वीकृत भइ नसकेको परिप्रेक्ष्यमा यस संस्थाले आर्थिक वर्ष २०८०/८१ को वोनस शेयर वितरण पश्चात् कायम हुने शेयर पुंजीमा साविक निर्णय बमोजिम ७०:३० को अनुपातमा संस्थापक तथा सर्वसाधारणको शेयर पुँजी अनुपात मिलान गर्न आवश्यक भएकोले हाल प्रस्तावित बोनश शेयरको आधारमा नपुग भएको सर्वसाधारण तर्फको ७,६५,३७७.६४ (सात लाख पैसट्ठी हजार तीन सय सतहत्तर दशमलव छ चार) कित्ता साधारण शेयर प्रिमियममा सम्बन्धित निकायहरुबाट स्वीकृति लिई थप सार्वजनिक निष्काशन (Further Public Offering) को माध्यमबाट शेयर जारी गर्ने र उक्त कार्यको लागि नियमनकारी निकायको निर्देशन बमोजिम संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन लगायत अन्य सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. प्रवन्धपत्रको दफा २(१), दफा ६ (ख) र दफा ६ (ग) तथा नियमावलीको नियम २ र नियम ३२ (१) (ख) मा आवश्यक संशोधन गर्ने साथै प्रबन्धपत्र तथा नियमावलीको दफा तथा नियमहरुमा आवश्यक थपघट, परिमार्जन एवम् संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

**साधारण सभा सम्बन्धी अन्य सामान्य जानकारीः**

१. यस साधारण सभामा भाग लिन तथा लाभांश प्रयोजनको लागि संस्थाको शेयर दाखिल खारेजको काम मिति २०८१/०८/१८ गते देखि २०८१/०८/२४ गते सम्म बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०८/१७ गतेसम्म कारोवार भइ प्रचलित कानून बमोजिम यस संस्थाको शेयर रजिष्ट्रार एनआईएमवि एस क्यापिटल लि. लाजिम्पाट काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले मात्र यस सभामा भाग लिन पाउने छन ।

२. लेखापरीक्षको प्रतिवेदन सहित संस्थाको एघारौं बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई हुलाक सेवा मार्फत पठाइने छ । कथम् कदाचित सो प्राप्त नभएमा प्रतिवेदनको लागि संस्थाको वेवसाइट www.nationalmicrofinance.com.np मा हेर्नुहुन वा संस्थाको केन्द्रीय कार्यालय बनेपा १० काभ्रेपलाञ्चोक वा संस्थाको शेयर रजिष्ट्रारको कार्यालय